का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० असोज २०८०,
मंगलबार
17 October 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

दशैं विशेष
थप १६ पृष्ठ

वर्ष २१, अंक २६४ । पृष्ठ ८+८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गाउँ फर्केको बजार

पुराना र ठूला शहरको जनसंख्या घटेको विषयले संसदमा समेत चर्चा पाएको थियो । धेरैले यसलाई संघीयता कार्यान्वयनको प्रतिफलका रुपमा अर्थ्याएका छन् । महानगर केन्द्रित जनसंख्या विकेन्द्रीकृत हुन थालेको सरकारी तथ्याङ्कले पनि देखाउँछ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २९ असोज

२०७४ सालभन्दा अगाडिसम्म मकवानपुरका बासिन्दा अधिकांश सरकारी सेवाका लागि सदरमुकाम हेटौंडा पुग्नैपर्ने बाध्यता थियो । २०७४ मा स्थानीय तहको चुनाव भएर स्थानीय सरकार बनेपछि प्रत्येक पालिका रहेका ठाउँ केन्द्र भएका छन् । मालपोत सेवादेखि सामाजिक सुरक्षा भत्ता लगायत स्थानीय तह मार्फत् वितरण हुन थाल्यो ।

सीमित काम बाहेक सदरमुकाम जानुपर्ने बाध्यता मात्रै हटेन, सेवा स्थानीय सरकार रहेको ठाउँमा सरेपछि त्यसअनुसार बजार विस्तार भए । बैंक लगायत संरचना पनि स्थानीय स्तरमै खुले । यसले हेटौंडा केन्द्रित बजार विकेन्द्रित भएर पालिकाहरूमा पुग्यो ।

अर्को उदाहरण बाँकेको नरैनापुर हो । ०७४ को चुनाव भएपछि पनि अधिकांश सेवा किनमेलका लागि नेपालगञ्ज पुग्नुपर्ने बाध्यतामा रहेका नरैनापुरमा स्थानीय बाध्यकारी र सरकारी काम बाहेकका लागि भारतीय बजारमा भर पर्दथे । स्थानीय सरकार आएपछि विद्युत, सडक बाटोका लागि काम भयो । सडक र विद्युत पुगेपछि बैंकका शाखा खुले स्थानीय स्तरमा साना उद्योगहरू स्थापना हुने थाले । ०७९ को चुनाव नआउँदै नरैनापुर आफैंमा बजार भइसकेको थियो ।

संघीय राजधानी काठमाडौंको जनसंख्या घट्नु, तर अन्य नगरपालिका वा नयाँ नगरहरूको जनसंख्या बढ्नु फैलिँदो बजारको सार्वजनिक तथ्य हो । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार काठमाडौं महानगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर भने ऋणात्मक छ । राष्ट्रिय तथ्याङ्क विभागका अनुसार, काठमाडौं महानगरको जनसंख्या वृद्धिदर माइनसमा पुगेको छ । काठमाडौं जिल्लामा ११ पालिका छन् । ११ मध्ये १० पालिकाको वार्षिक जनसंख्या वृद्धिदर धनात्मक छ । तर, एक मात्र महानगरपालिकाको ऋणात्मक छ ।

राष्ट्रिय तथ्याङ्क विभागका अनुसार पछिल्लो १० वर्षमा महानगर बाहेक अन्य सबै पालिकामा जनसंख्या वृद्धि भएको । २०६८ सालमा काठमाडौं महानगरको जनसंख्या ९ लाख ७५ हजार ४५६ थियो । २०७८ सालको जनगणनामा काठमाडौं महानगरपालिका जनसंख्या घटेर ८ लाख ३२ हजार ४०० मा झरेको छ । महानगरमा रहेको परिवारको संख्या पनि १० वर्षको अन्तरालमा घटेको छ । २०६८ मा २ लाख ५४ हजार २ ९२ परिवार थिए । २०७८ मा घटेर २ लाख ३८ हजार ९६६ पुगेको छ ।

काठमाडौं महानगरपालिकामा जनसख्याको चाप घट्दा अन्य पालिकामा चाप बढेको छ । काठमाडौं महानगरमा जनसंख्या >>> पृष्ठ २ मा



डोल्पाको शे-फोक्सुन्डो गाउँपालिकाका जनप्रतिनिधिहरु र स्थानीय नागरिक अगुवाहरु सेवा र व्यापार सहजताका लागि छलफल गर्दै । तस्बिर सौजन्य: शे-फोक्सुन्डो गाउँपालिका ।

# लिङ्देनप्रति सत्ता गठबन्धनको विश्वास

सत्ता गठबन्धनका नेताहरुमा कोशी प्रदेश सरकार गठनमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले साथ दिने विश्वास देखिन्छ । त्यसआधारमा माओवादी केन्द्रसहित कांग्रेस, एकीकृत समाजवादी र जसपाले पनि मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिने तयारी गरेका हुन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २९ असोज

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बुधबार प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् । संविधानको धारा १६८ को उपधारा ५ अनुसार शनिबार मुख्यमन्त्री नियुक्त भएका कार्कीले तत्काल विश्वासको मत लिन लागेका हुन् । प्रदेशसभा नियमावली २०७४ को नियम १२८ बमोजिम मुख्यमन्त्री कार्कीले विश्वासको मत लिने प्रस्तावको सूचना प्रदेशसभामा दर्ता गरेका छन् ।

विश्वासको मत लिने प्रस्तावमाथि छलफल हुनुभन्दा दुई दिन अगाडि प्रदेशसभा सचिवलाई सूचना दिनुपर्ने व्यवस्था अनुसार आजै प्रदेशससभामा सूचना दर्ता गरिएको हो । विश्वासको मत प्राप्त गर्न कार्कीले एमाले र गठबन्धनमा आबद्ध दलहरुबीच पनि छलफल जारी राखेका छन् ।

यसअघि नियुक्त भएका मुख्यमन्त्रीहरुले विश्वासको मत लिने तालिका ३० औं दिनसम्म पुग्ने गरेको थियो । >>> पृष्ठ २ मा

## माओवादीले विश्वासको मत दिने



कोशी प्रदेशको मुख्यमन्त्री बनेका केदार कार्कीलाई माओवादी केन्द्रले पनि विश्वासको मत दिने भएका छ । माओवादी केन्द्र कोशी प्रदेशको सोमबार बसेको कार्यालय बैठकमा यस विषयमा छलफल भएको थियो । उक्त छलफलले विश्वासको मत दिनुपर्ने निष्कर्ष निकालेको हो ।

माओवादी केन्द्र कोशी प्रदेशका इन्चार्ज चक्रपाणि खनाल बलदेवका अनुसार 'मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिनुपर्छ भन्नेमा पार्टी पंक्ति एक भएको छ ।' संघीय सत्ता गठबन्धनको निर्णय विपरीत विद्रोह गर्दै कार्की एमालेको सहयोगमा मुख्यमन्त्री बनेको भएता पनि परिस्थितिको मुल्यांकन गर्दै विश्वासको मत दिन लागेको उनले बताए । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युद्धले इजरायलको आकर्षक रोजगारी अन्योलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज

इजरायलको श्रम स्वीकृति स्थगित भएपछि आकर्षक तलब सुविधामा काम गर्दै आएका नेपाली केयर गिभरको मन झस्किएको छ । वैदेशिक रोजगार विभागले गत आइतबारदेखि इजरायलमा हमासको आक्रमणपछि असुरक्षा बढेको भन्दै अनिश्चितकालीनरूपमा श्रम स्वीकृति रोकेको थियो ।

विभागको निर्णयपछि नयाँ र बिदामा नेपाल आएकाहरू समस्यामा परेका हुन् । आइतबार नै अध्यागमन विभागले पनि सुरक्षाको खतरा रहेको भन्दै नेपालीलाई तत्काल इजरायल भ्रमणमा नजान ट्राभल्स एड्भाइजरी जारी गरेको थियो ।

हाल इजरायलमा ४ हजार ५ सय केयर गिभर कार्यरत छन् । त्यसमध्ये केही हमासले इजरायलमा आक्रमण गर्नुअघि नै बिदामा नेपाल आएका थिए । केही सरकारको उद्धार उडानबाट फर्केका छन् । केही फर्किन इजरायलस्थित नेपाली दूतावासमा अनलाइन फारम भरेर सम्पर्कमा रहेका छन् ।

वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालले इजरायलमा अवस्था सामान्यतर्फ उन्मुख हुनासाथ रोकिएको श्रम स्वीकृति सुचारु हुने बताएका छन् । तर अवस्थामा सामान्य हुने वा थप बिग्रेर जाने एकिन हुन सकेको छैन । अन्तर्राष्ट्रिय समुदायले औषधि तथा अत्यावश्यक सामग्री सप्लाइका लागि रफाह क्षेत्रमा आवागमन मार्ग खुलाउन आग्रह गर्दा जवाफमा इजरायलले हमासले बन्धक बनाएका आफ्ना १ सय ९९ सेनालाई रिहा गरिनुपर्ने माग गरेको छ । तर ठूलो मानवीय क्षति व्यहोरिरहेको हमासले इजरायलको मागका सम्बन्धमा कुनै प्रतिक्रिया दिएको छैन । अन्तर्राष्ट्रिय समुदायले शान्तिको आग्रह गरेपनि द्वन्द्वको समाधानका विषयमा पनि ठोस मार्गचित्र पहिल्याउन सकेको छैन । इजरायल-हमास युद्ध हालसम्मकै भिषण भएका कारण >>> पृष्ठ २ मा









मध्यान्ह
www.madhyanhadaily.com
३० असोज २०८०, मंगलबार
17 October 2023, Tuesday

# गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सन्धिबारे अदालतको आदेश कार्यान्वयन गर्न माग



**काठमाडौं/मस–** ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संगठन(बगेसो)ले सर्वोच्च अदालतले अन्यायमा पर्दै आएका ब्रिटिस गोर्खा सैनिकहरुको पक्षमा गरेको फैसलालाई सरकारले कार्यान्वयन गर्न माग गरेको छ।

सोमबार राजधानीको संवाद डबलीमा बिगेसो सिंगापुर विभागले पत्रकार सम्मेलन गरी २९ वर्षदेखि न्यायका निम्ति लड्दै आएको र अदालतले न्याय दिएकोप्रति आस्था र सम्मान बढेको समेत बिगेसोले जानकारी दिएको छ ।

गत वर्ष माघ २४ गते फैसला भइ नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको र हाल फैसला कार्यान्वयनको प्रकृतिमा फैसला कार्यान्वयन निर्देशनालयमार्फत प्रकृया अघि बढेकोले त्यो छिट्टै कार्यान्यन हुने संगठनका सल्लाहकार परि थापाले बताए।

नेकपा क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता समेत रहेका थापाले २९ वर्षदेखि लड्दै आएका गोर्खाहरुको पक्षमा सर्वोच्च अदालतले सार्वजनिक सुनुवाईको विषय भएको भन्दै फैसला गरेको धन्यबाद दिँदै भने, 'यो विषय अब ती पीडित सैनकको मात्रै नभएर देशको स्वाभिमानको विषय बनेर आएको छ, यसलाई कार्यान्वयन गर्न अझै थप संघर्ष गर्न जरुरी देखिएको छ ।' उनले सत्तामा नपुगुन्जेल गर्दिन केही नभन्ने शासकहरु ठाउँमा पुगेपछि आफ्नै हितमा मत्रै सोच्ने गरेको बताउँदै भने,'नेपाली शासशकहरु हुतिहारा, लबस्तरो र लाछि भएकोले अदालतको आदेश पनि कार्यान्वयन हुनेमा अझै शंका छ ।'

संगठनका अध्यक्ष पदम सुन्दर लिम्बुले बिगेसोको अनवरत लडाइँको कारण कम्तिमा नेपालको न्यायालयले आफ्ना आवाजहरु सुनेको र कार्यान्वयनका लागि कानूनी बाटो खोलिदएको बताए । आन्यायपूर्ण गोर्खा भर्ति समस्या रहेको बताउँदै लिम्बुले भने,'गोर्खालीहरुलाई विश्मा बहादुर भन्ने उनिहरुको आवश्यकता महसुस गर्ने तर समान तलब, सेवा, सुविधा र पेन्सन नदिने अनि राज्यले भाडाका सेना बनाउने यो खारेज हुनुपर्छ। यसरी गोखालीहरुलाई अन्यायमा पर्ने मुख्य हेडक्वाटर बिर्गेड अफ गोखा(एचक्यूबीजी) भएको र त्यसले विनकाम बीचमा कमिसन लिएर मनपरि गरेको छ त्यसलाई खारेज गर्नुपर्छ ।'

संगठनका कानूनी सल्लाहकार फडिन्द्र कार्कीले ९ नोभेम्बर १९४७ को गोर्खा भर्ति सम्बन्धी त्रिपक्षीय सन्धि खारेजीको माग राखेर बिगेसोले अदालतमा मुद्दा जितेको र त्यसलाई कार्यान्वयनका लागि बलियो कानूनी आधार खुलेको धारणा राखे। कार्यान्वयन गर्छ त सरकारले भन्ने जवाफमा कार्कीले भने,'वास्तवमा नेपालमा नयाँ व्यवस्था आएपछि १९५० देखिका असमान सन्धि-सम्झौताहरु खारेजसँगै ब्रिटिस भर्ति केन्द्रमा पनि पुनर्विचार हुनुपर्ने हो तर देशमा शासकहरु उस्तै छन् यसकार शंका छ कार्यान्वयनको। सरकारले नसुने पुन आन्दोलनको अधिकार छदै छ नी ।' बिगेसो सिंगापुर विभागका प्रमुख पलबहादुर घर्तिले ब्रिटिस भर्तिको प्रभावका कारण सबैभन्दा बढी सिंगापुर गोर्खाहरु पीडित रहेकोले त्यहाँ पनि आन्दोलन अघि बढेको जानकारी दिए ।

# सामाजिकरूपमा नहारेका नरेन्द्र

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २९ असोज



म्याग्दी प्रवासी नेपाली संघ(मोना)अन्तर्राष्ट्रिय कार्यकारी समितिको पाँचौं अन्तर्राष्ट्रिय महाधिवेशन गत शुक्रबार र शनिबार गरी दुई दिनमा सम्पन्न भयो। विविध सांस्कृतिक कार्यक्रम, खेलकुदसहित सम्पन्न अधिवेशनबाट मध्यपूर्वको देश कतारमा रोजगारी गर्ने नरेन्द्र फगामी कोषाध्यक्ष पदमा विजयी भएका छन् ।

अध्यक्षमा सर्वसम्मत रूपमा निर्वाचित नयाँ कार्यसमितिलाई ददिवल खड्काले नेतृत्व गर्नेछन्, तर अर्थ व्यवस्था सम्हाल्ने जिम्मेवारी भने फगामीले पाएका छन् । कोषाध्यक्ष पदमा फगामीको मात्र एकल उम्मेदवारी परेसँगै उनले आफ्नो सपनाको सुरुवाती बिन्दु भेटेको महसुस गरेको बताउँछन् । मोना आफैमा सामाजिक क्षेत्रमा उर्वर संस्था हो, यसमा विश्वको नजर पर्ने गरेको हुँदा आर्थिक पाटो सफा र मजबुँद हुनुपर्ने फगामीको बुझाइ छ ।

मध्यान्ह दैनिकसँग कुरा गर्दै उनले महाधिवेशनको बन्द सत्रबाट आफूले जिम्मेवारी ग्रहण गरेयता जिम्मेवारी हस्तान्तरण नगर्दासम्म पशुपतिनाथलाई सम्झिएर कार्य सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आफू नेता नभएपनि प्रवासी म्याग्देलीहरु समक्ष कोषका बारेमा ऐना जस्तै छर्लङ्ग देखिने र बुझिने गरी अर्ध वार्षिकी रूपमा आयव्यय पेस गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।

बुबा तेज बहादुर फगामी र आमा नरमाया फगामीको कोखबाट २०३७ साल जेठमा हालको मालिका गाउँपालिका-५, देवीस्थान (मगरदाङ)मा परिवारको जेठो छोरोको रूपमा जन्मिएका उनका ३ भाइ र ५ बहिनी (चार जीवित) छन् । श्री गौ बम बस्त मावि तत्कालीन गौ प्रावि, मगरदाङबाट- कक्षा ५ सम्म, श्री भीम मावि, पन्थोकबाट कक्षा ८ सम्म, श्री जनप्रिय मावि, दर्बाङ्गबाट कक्षा १० सम्म अध्ययन गरेका फगामीले उच्च शिक्षा पृथ्वी नारायण बहुमुखी क्याम्पस, पोखरा-आइ एड-गणित र खेलकुद तथा शारीरिक स्वास्थ्य शिक्षा, २०५५- २०५७ अलाम गरेका थिए । उनले महेन्द्र रत्न शिक्षा क्याम्पस, ताहाचल- २०५८-२०६२, बी एड अध्ययन गरेपश्चात् जागिरे जीवन शुरु गरे । वि.स २०५७- २०६० सालसम्म केयर टप बोर्डिङ स्कुल, लगनखेलमा सहायक लेखापाल र २०६१-२०६३मा जोसेफ इन्टरनेसनल स्कुल-लेखापाल तथा होस्टेल वार्डेन भएर काम गरेको अनुभव उनले नेपालमै सँगालेका थिए ।

अकस्मात् बुबाको निधनपछि ठूलो परिवारको जेठो छोरोको हैसियतमा उनको काँधमा जिम्मेवारीले किच्यो। चाहेर नचाहेर उनले परिवारको जिम्मा लिनुपर्ने विकल्परहित बाध्यता आइ पऱ्यो । ठूलो परिवारलाई नेपालको जागिरले धान्न समस्या परेपछि सन २००५, सेप्टेम्बरमा उनी कतार हानिए । कतारको फ्युल कम्पनी ओकुदमा सिनियर अफिसरका रूपमा हालसम्म कार्यरत छन् । आफ्ना बारेमा कुरा गर्दा हँसिला मुहारका धनी फगामी एकाएक निकै भावुक बने। जीवनमा सफलताको मापन आफूसँग नभएपनि आज आफूले पाएको सफलता भगवानको काखमा रहेका स्वर्गीय पितालाई समर्पण गरे ।

उनले आफ्नो सफलता देखाउन नपाए पनि पिताले आफूलाई सदैव आशीर्वाद दिइरहेको र आफूले पाइरहेको महसुस हुने गरेको बताए ।

उनी कतार प्रवेश गरेपछि आफ्नो पारिवारिक जिम्मेवारी सँगसँगै गाउँटोल र क्लबको विकास तथा सहयोगमा निरन्तर जुटिरहे । कतारमा रहेका प्रवासी म्याग्देलीको साझा संस्था मोना कतारमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा विभिन्न सहयोग गर्दै अगाडि बढेका फगामिलाई सन् २०१७/१९को कार्यकालमा मोना कतारले सल्लाहकारमा मनोनीत गऱ्यो ।

सल्लाहकारबाट मोनाको यात्रा गरेका फगामीले कतारमा २०१९/२१ कार्यकालमा उपाध्यक्ष, २०२१/२३कार्यकालमा अध्यक्ष पदमा रही संस्थाको बागडोर सम्हालेका उनी शालीन, निडर र स्पष्ट वक्ताका रूपमा चिनिन्छन् । मोना कतारको कार्यकारी पदमा रहेकै बेला मोना अन्तर्राष्ट्रिय समितिको कार्यसमिति सदस्य तथा विभिन्न विभागमा बसेर कार्य सम्पादन गरी सकेका छन् । एलिना र पूजन गरी दुई सन्तानका पिता फगामीले आफ्नो सामाजिक तथा व्यक्तिगत सफलताको मुख्य श्रेय श्रीमती फुलमतिलाई दिन्छन् । आफूलाई बुझ्ने, अगाडि बढ्न हौसला दिने र सामाजिक कार्यमा लाग्न हौसला दिने आफनै फुलमती रहेको बताए । बाँकी जीवन पनि समाजमा र सामाजिक रूपमा बिताउने आफ्नो चाहना रहेको फगामीको भनाइ छ । परदेशिएका नेपालीको लर्को रोक्न नसके पनि कम्तीमा प्रवासबाट म्याग्दी जिल्लामा फर्किएकालाई स्थापित गर्न सके आफ्नो सामाजिक जीवन सफल हुने उनको बुझाइ छ । कतारबाट म्याग्दी फर्किएका म्याग्देलीलाई सीप तथा समस्यामा परेकालाई उद्धारसहित विभिन्न सामाजिक एवम् मानवीय सेवामा सहयोग गर्न मोना कतारले स्थापना गरेको मोना कतार बहुउद्देश्यीय अक्षयकोषका संस्थापक सदस्य तथा कार्यसमिति सदस्य समेत हुन् । उनले कोष र मोना अन्तर र्‍ाष्ट्रिय कार्यसमितिबीच कार्यगत सहकार्य गर्दै गराउँदै सामाजिक तथा परोपकारी कार्यमा निरन्तर लागे अठोट लिएका छन् ।

# दर्पण संगीतालयको आयोजनामा 'शुभकामना सांगीतिक साँझ-२०८०' सम्पन्न




**काठमाडौं/मस–** दर्पण संगीतालयको आयोजनामा विजया, शुभ दिपावली तथा छठ पर्वको अवसरमा काठमाडौं, जमलस्थित राष्ट्रिय नाचघरमा 'शुभकामना सांगीतिक साँझ - २०८०' सम्पन्न भएको छ ।

दर्पण संगीतालयका अध्यक्ष उदिराम खड्काको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी तथा दर्पण संगीतालयका सल्लाहकार भुपेन्द्र जंग शाहीको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व अध्यक्षहरु दुर्गा रायमाझी, चन्द्र शर्मा, चर्चित गायक रामजी खाण, चर्चित गायिका राधिका हमाल, टिका पुन, चर्चित गायक धनराज चुनारा, चर्चित गायिका मिना लामा, दिपा रोकाया, सरु बोहरा, चर्चित गायक जय देवकोटा लगायत थुप्रै कलाकारहरुले सांगीतिक प्रस्तुति राखेका थिए भने सत्यवती कला केन्द्रका कलाकारहरुले विभिन्न नृत्य प्रस्तुत गरेका थिए ।

सो अवसरमा पत्रकारिताको माध्यममार्फत नेपाली गीत संगीतको क्षेत्रलाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा टेवा पुऱ्याएको भन्दै मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, सञ्चारकर्मी राजु बोहरा, राज कुमार रायमाझी, पत्रकार एवं गीतकार निर्देशक प्रकाश बराईली 'अभिव्यक्ति' लाई सम्मान गरिएको थियो भने अग्रज कलाकारहरुसँगै सांगीतिक प्रस्तुती दिने कलाकारहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा दर्पण संगीतालयका अध्यक्ष उदिराम खड्काले स्वागत मन्तव्य राखेका थिए भने हरी पुन मगरले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# भारत गएकाहरु दशैं मनाउन गाउँ फर्कन थाले



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २९ असोज

रुकुम पश्चिमका धेरै जसो युवाहरु रोजगारीको शिलशिलामा छिमेकी देश भारत जाने गरेका छन्। गाउँमा कुनै रोजगारी नभएपछि रोजगारीका लागी भारतका विभिन्न ठाउँ गएका स्थानीयहरु नेपालीहरुको महान् पर्व बडा दशैं शुरु भएसँगै घर फर्कन थालेका छन् ।

दशैं, तिहार तथा छठ मनाएर उनीहरु पुनः भारत जानेछन्। रुकुम पश्चिमका प्रायः स्थानीय असारे काम सकाएर भारत जाने गर्छन् । गाउँमा युवाहरु प्रशस्त भए पनि रोजगारिको कुनै अवसर नभएपछि परिवार पाल्नका निम्ति उनीहरु भारत जाने गरेका छन् । असारे काम सकाएर असोजमा धान वा मकै भित्र्याउन तथा दशैं मनाउन उनीहरु घर आउने गरेका छन् ।

## गाउँ...

घटेको विषयले संघीय संसदमा समेत चर्चा पाएको थियो । धेरैले यसलाई संघीयता कार्यान्वयनको प्रतिफलका रुपमा पनि अर्थ्याएका छन् । देश संघीयतामा गइसकेपछि आर्थिक अवसरको केन्द्रका रुपमा रहेको महानगर केन्द्रित जनसंख्या विकेन्द्रीकृत हुन थालेको सरोकारवालाहरूको भनाइ छ ।

## लिङ्देनप्रति...

तर, नवनियुक्त मुख्यमन्त्री कार्कीले आफू नियुक्त भएको एक हप्ताभित्रै विश्वासको मत लिन लागेका हुन् ।

सत्ता गठबन्धनको निर्णयविपरीत कार्की आफूसहित कांग्रेसका ८ सांसदलाई विद्रोह गराएर एमालेको समर्थनमा शनिबार मुख्यमन्त्री नियुक्त भएका हुन् । मुख्यमन्त्रीले मन्त्री नियुक्त गर्दा एमालेबाट एक जना र कांग्रेसबाट एक जना क्रमशः रामबहादुर राना र शम्शेर राईलाई मात्रै मन्त्री नियुक्त गरेका छन् ।

सहमति गरेरै अगाडि बढ्ने र गठबन्धन मजबुत बनाउने निर्णय संघमा कांग्रेस सभापति शेरबहादुर देउवा, अर्का नेता शेखर कोइराला, माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले सहमति गरेका छन् । सहमति पछि पहिलो मन्त्रीमण्डल विस्तारमा भने उक्त समति उल्लघन भएको छ । यसतर्फ कंकेत गर्दै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, ' हामीले भनेका थियौं, नेपाली कांग्रेसको एक जना मात्र मन्त्री बनाउने विश्वासको मत लिनु अगाडि । अरु मन्त्री नबनाउने भनेको फेरि एमालेको पनि त्यहाँ छिराइहालेछन् ।'

समाजवादी मोर्चाले सोमबार धनगढीमा गरेको सन्देशसभामा माओवादी केन्द्रका अध्यक्ष समेत प्रधानमन्त्री प्रचण्डले कोशीमा सत्तारुढ र असन्तुष्ट कांग्रेसको अर्को गठबन्धन बन्नु लाजमर्दो भएपनि त्यसलाई सम्हाल्ने बताए ।

तर, फेरि पनि मुख्यमन्त्री काकीले सहमति पालना गर्लान कि नगर्लान भन्नेमा संशय पैदा गरेको छ । देउवा, प्रचण्ड र कोइरालाले गरेको सहमति तथा एमालेले बनाएको मुख्यमन्त्री भएका कारण कार्कीप्रति आशंका र अविश्वास कायमै छ ।

## माओवादीले...

गठबन्धन दल माओवादी केन्द्रसहित कांग्रेस, नेकपा एकीकृत समाजवादी, जसपाले पनि विश्वासको मत दिने तयारी गरेका छन् । राप्रपा भने विश्वासको मतको विषयमा मौन छ ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले साथ दिने संघीय गठबन्धन अनुसारकै कोशी प्रदेशको सरकार अगाडि बढ्ने नेतारुको विश्वास छ । त्यस आधारमा माओवादी केन्द्रसहित कांग्रेस, नेकपा एकीकृत समाजवादी, जसपाले पनि मुख्यमन्त्री कार्कीलाई विश्वासको मत दिने तयारी गरेका हुन् ।

## युद्धले...

युद्धविराम र समस्या समाधानको मार्गचित्र सजिलो नभएको बताइएको छ ।

हाल बिदामा आएकाहरूमध्ये अधिकांश नोभेम्भर अन्तिम साता इजरायल फर्किनुपर्ने बाध्यतामा छन् । उनी नफर्केको अवस्थामा हातमा भएको आकर्षक तलबसहितको रोजगारी गुम्ने तथा सञ्चयकोष र उपदान पनि नपाउने भएपछि बिदामा आएकाहरू तनाबमा परेको बताइएको बीबीसी नेपाली सेवाले उल्लेख गरेको छ ।

नेपालमा हतार-हतार श्रम स्वीकृतिमा रोक लगाउने र खुलाउन आलटाल गर्ने प्रवृत्ति छ । विगतमा खाडी मुलुकमा घरेलु कामदारको श्रम स्वीकृतिमा लागेको प्रतिबन्ध शुरुमा अस्थायी भनिएपनि प्रतिबन्धको क्रम करिब एक दशक पुगिसकेको छ ।

# भूकम्प प्रभावितलाई १६ लाख बढीको राहत



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २९ असोज

बझाङको केदारस्युँ गाउँपालिकाका भूकम्प पीडितका १६ लाख बढीको राहत सामाग्री हस्तान्तरण गरिएको छ। वर्ल्डभिजन इन्टरनेशनल नेपालको सहयोग तथा दलित सहयोग समाज बझाङ र प्रगतिशील युवा समाजको साझेदारीमा गाउँपालिकालाई उक्त राहत हस्तान्तरण गरिएको हो ।

असोज १६ गते गएको भूकम्पका कारण उक्त गाउँपालिकामा ठूलो मात्रामा भौतिक क्षति भएको छ ।

भुकम्प प्रभावितहरूको आलो घाउमा सानै भएपनि मलमपट्टी लगाउनका त्रिपाल, कम्बल, झुल, पि-फम, चटाइ, डोरी पालिकालाई हस्तान्तरण गरिएको वर्ल्ड भिजन जिल्ला फोकल प्रशन तिलक केसीले बताए । उक्त सामग्री पालिका भरका भूकम्पबाट प्रभावित भएका २ सय परिवारले पाउने भएका छन् । एक जना परिवारले एक सेटमा रहेको २ थान त्रिपाल, २ कम्बल, २ झुल, २ थान पि-फम, १ चटाइ र १ रोल डोरी राहत पाउने केसीको भनाइ छ । उक्त सामग्री भूकम्प प्रभावित केदारस्युँ गाउँपालिका वडा नम्बर १ का २१ परिवार, २ का २५ परिवार ३ का ८ परिवार, ४ का ८ परिवार, ५ का २० परिवार, ६ का २२ परिवार, ७ का १८ परिवार ८ का ४० परिवार र ९ का ३७ परिवारलाई हस्तान्तरण गरिएको गाउँपालिका उपाध्यक्ष मनिषा धामीले बताइन्। त्यस्तै भूकम्प प्रभावित अति गरिब, विपन्न तथा दलित ५८ परिवारका लागि पनि पालिकामार्फत खाद्यान्न सामग्री प्रति परिवार ३० केजी चामल, ३ केजी दाल, २ लिटर तेल, १ केजी नुन हस्तान्तरण गरिएको छ । खाद्यान्न सामग्री वडा नम्बर १ का ३ परिवार, २ का ३ परिवार, ३ का १ परिवार, ४ का ३ परिवार, ५ का ५ परिवार, ६ का ९ परिवार, ७ का ८ परिवार, ८ का २३ परिवार र ९ का ३ परिवारलाई हस्तान्तरण गरिएको छ ।

जिल्ला विपद व्यवस्थापन समितिले वर्ल्ड भिजन इन्टरनेसनल नेपाललाई केदारस्युँ गाउँपालिकाका भूकम्प प्रभावितका लागि राहत उपलब्ध गराउन अनुरोध गरे अनुसार वर्ल्डभिजन इन्टरनेशनल नेपालको सहयोग तथा दलित सहयोग समाज बझाङ र प्रगतिशील युवा समाजको साझेदारीमा पालिकालाई १६ लाख ४२ हजार ८ सय ६२ रुपैयाँको राहत पालिकामा सबै वडाहरू वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज उपाध्यायले बताए ।

# जनप्रतिनिधि र कर्मचारीलाई वातावरणमैत्री पूर्वाधार विकास तालिम

**रुपक खड्का/मध्यान्ह**
बझाङ,२९ असोज




साहारा नेपाल बझाङद्वारा सञ्चालित खाद्य सुरक्षा सुधार दिगो जिविकोपार्जन र महिला सशक्तिकरण परियोजना अन्तर्गत मष्टा गाउँपालिकाका जनप्रतिनिधिहरुलाई वातावरणमैत्री ग्रामीण पूर्वाधार निर्माण तथा उद्योग विकास सम्बन्धी २ दिने तालिम दिइएको छ ।

वातावरणमैत्री ग्रामीण पूर्वाधार तथा उद्यम विकास सम्बन्धी मष्टा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र उपभोक्तालाई २ दिने तालिम दिइएको हो । भौगोलिक दृष्टिकोणले कठिनाइ भएका पहाडि जिल्लाका स्थानीय तहमा वातावरणमैत्री पूर्वाधार निर्माण गर्न अपरिहार्य भएको भन्दै पालिकाका वडाअध्यक्ष, कार्यापालिका सदस्य र कर्मचारीहरुलाई प्रशिक्षक भोला भट्टराईले प्रशिक्षण दिएका हुन् ।

ग्रामीण विकास कार्यक्रमहरू जस्तै, कृषि, स्वास्थ्य, शिक्षा र उद्योगसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीले रचनात्मक ढंगबाट काम गरेमात्र जनतालाई विकासको प्रत्यक्ष अनुभुति हुने आयोजकले जनाएको छ । कार्यक्रमको मुख्य उद्देश्य प्राकृतिक वातावरणलाई जोगाएर मानवनिर्मित संरचना बनाउने र विकासका गतिविधिहरूमा जनचासो र सहभागिता बढाउनुपर्ने रहेको थियो ।

प्रशिक्षक ध्वज शाही ओखेडाले ग्रामीण क्षेत्रको विकास गर्नेको लागि कृषिमा लगानी गर्न स्थानीय सरकारलाई जानकारी गराए । उनले भने, 'मष्टाको भेगमा धेरै जलस्रोत मुहान छन्, जसको राम्ररी परिचालन गर्नसके कृषि, सिँचाइ, उद्योग आदिमा ठोस विकास भई ग्रामीण विकासले फड्को मार्दै ठूलो योगदान पुग्न सक्ने देखिन्छ ।'

स्थानीय सरकार स्वायत्त सरकार भएकाले ग्रामीण विकास गर्न नितान्त आवश्यक रहेको उनले बताए । स्थानीय सरकारको दोस्रो कार्यकाल शुरु भइसक्दा पनि यहाँको ग्रामीण क्षेत्रको ठोस विकास हुन सकेको छैन । यसको मुख्य कारण भनेको दिगो विकासका लागि वातावरणमैत्री पूर्वाधार विकासको कमी नै भएको जिकिर गरे । २ दिने तालिमको अवधिमा जनप्रतिनिधि र कर्मचारीले धेरै कुरा सिकेको र आउने दिनमा वातावरणमा क्षति नपुग्ने गरी विकासका योजनाहरु सञ्चालन गर्न वडा नं. ६ का अध्यक्ष शिबराज बोहराले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५८/१०/३० मा दर्ता भएको **प्रा.लि. नं. १७९१५** को **ठमेल फिजिकल फिटनेश प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कतारमा रोजगार
कम्पनी: GOLDEN MAJESTIC TRADING AND CONTRACTING W.L.L
शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८०/०६/२९ चलानी नं.: ६०२०९१६२ LT. No.293952

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६१,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 1 | | 2500 | ९१,१५० | | | | | | | |
| 3. | General Clean Worker | 3 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 4. | Labour | 5 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 5. | Mason | 2 | 0 | | 1100 | ४०,१०६ | | | | | | | |
| 6. | Supervisior | 0 | 1 | | 2500 | ९१,१५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ७ गते (24 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pokhara Recruitment (P.) Ltd.
Samakhusi Townplanning, Kathmandu, Nepal
Mobile: 9851152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np
Gov. Lic No. 1426/074/075

कतारमा रोजगार
कम्पनी : AL MAHROSA SUPERMARKET WLL
शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८०/०६/२९ चलानी नं.: ६०२०९१५४ L.T. No.: 294036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1500 | ५४,६९० | | | | | | | |
| 3. | General Clean Worker | 2 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 4. | Porter | 1 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 5. | Salesman | 2 | 0 | | 1300 | ४७,३९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ७ गते (24 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Rays Recruitment Pvt. Ltd.
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

# प्रहरीको कर्तव्यबोधले मात्र समग्र मुलुकको समृद्धि सम्भव : गृहमन्त्री



**काठमाडौं /मस–** उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल प्रहरीको भूमिका र कर्तव्यबोधले मात्र समग्र मुलुकको समृद्धि, कानूनी शासन र सुशासनको पूर्ण अनुभूति गर्न सकिएको बताएका छन् । उनले मुलुकको समृद्धि र समुन्नतिका लागि आन्तरिक सुरक्षा व्यवस्था सुदृढ हुनु अत्यन्त जरूरी रहेको उल्लेख गरे ।

६८औं प्रहरी दिवसको अवसरमा सोमबार नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित श्रद्धाञ्जली समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री श्रेष्ठले नागरिकको सुरक्षा सुनिश्चित गर्न चाडपर्वलगायत आफ्नो व्यक्तिगत र पारिवारिक दायित्वलाई थाँती राखी देश र जनताको सुरक्षामा तैनाथ प्रहरी कर्मचारीहरुको समर्पणभाव हरेक पुस्ता र पिंढीका लागि प्रेरणाको श्रोतको रूपमा रहने उल्लेख गरे । साधन स्रोतको अभावमा पनि राज्यले सुम्पेको जिम्मेवारीलाई नेपाल प्रहरीले निष्ठापूर्वक तथा प्रविधिसँग प्रभावकारी मिश्रण गरी छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्दै आएको उनको तर्क थियो। आमनागरिक र राज्यले सामना गरेको हरेक विषम परिस्थितिलाई निस्तेज तुल्याउन नेपाल प्रहरीका प्रत्येक सदस्यहरूले पेशागत कर्तव्यपरायणतामा उच्च मनोबलका साथ खटिदै आएको चर्चा उनले गरे ।

श्रेष्ठले नविनतम आविष्कार र नयाँ प्रविधिको कारण बढ्दै गएका अपराधका नयाँ शैलीविरूद्ध तदारूकता बढाउँदै वर्तमान र भविष्यमा हुने सक्ने अपराधहरूको रोकथाम तथा सफल अनुसन्धान गर्न सक्ने गरी नेपाल प्रहरी हरदम तयारी रहनुपर्ने उल्लेख औंल्याए । निष्पक्ष अनुसन्धानले पीडितलाई न्याय दिलाउनुको साथै राज्यमा दण्डहिनताको अन्त्य हुने बताउँदै गृहमन्त्री श्रेष्ठले भने, 'प्रहरीको अनुसन्धानमा प्रश्न उठाउने आधार छैन र कुनै स्वार्थ तथा शक्तिको प्रभाव वा दबाबमा नपरी निष्पक्ष अनुसन्धान कार्यमा नेपाल प्रहरीले सम्झौता गर्दैन भन्ने मेरो पूर्ण विश्वास रहेको छ ।'

समारोहमा गृहमन्त्री श्रेष्ठले नेपाल प्रहरी प्रधान कार्यालयस्थित अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुको साथै कर्तव्य पालनाको क्रममा वीरगति प्राप्त गर्ने अमर प्रहरीका परिवारहरुलाई कदरपत्र प्रदान गरे । योसँगै उनले प्रहरी दिवस २०८० स्मारिका र नेपाल प्रहरीलाई निःशुल्क जग्गा प्रदान गर्ने जग्गादाताहरूको नामावली तथा अमर प्रहरीसँग सम्बन्धित स्थापना भएका अक्षयकोषहरूको विवरण पुस्तिका लोकार्पण समेत गरेका हुन् ।

# बुढीनन्दाका चार स्थानमा टेलिकमको टावर निर्माण हुँदै

**महेश कार्की/मध्यान्ह**
बाजुरा, २९ असोज



दिगोरुपमा सञ्चार सुविधा नरहेको बाजुराको बुढीनन्दा नगरपालिकाका चार स्थानमा नेपाल टेलिकमको टावर निर्माण हुने भएको छ। हालसम्म सञ्चारको भरपर्दो सुविधा नभएको बुढीनन्दा नगरपालिका वडा नम्बर ८ को हर्शालीमा टेलिकम टावर, वडा नम्बर ७ को कर्केलीको माथि पानिनाउला नजिकै रिपिटर टावर, नगरपालिकाको वडा नम्बर ३ लाई लक्षित गरी एक टावर र वडा नम्बर १ को सल्लेरीमा रिपिटर टावर निर्माण हुने भएको हो ।

उक्त निर्माण भइरहेका टावर केही दिनमा सञ्चालनमा आउने बताइएको छ । चार वटै टावर पूर्णरुपमा निर्माण भएर सञ्चालनमा आएपछि जिल्लाको पूर्विउत्तरी क्षेत्रका चार पालिकामा सञ्चार सुविधा नियमित हुने छ । विगत केही वर्षयता सञ्चार सुविधा नहुँदा सास्ती झेल्दै आएका सेवाग्राहीले टावर निर्माण भएपछि टेलिकमको गुणस्तरीय सेवा उपभोग गर्न पाउने भएका छन् ।

बुढीनन्दा नगरपालिकामा रहेका टावरमा बारम्बार खराबी आइरहँदा सेवाग्राही मर्कामा परेका थिए। घाम लाग्दा नेटवर्क आउने र बादल लाग्दा नेटवर्क जाने समस्याले आजित भएका बुढीनन्दाका सेवाग्राहीले चार स्थानमा टावर बनेपछि भने राहत पाउने नगर प्रमुख जनक कुमार बोहराले बताए। बुढीनन्दामा नियमित सञ्चार सुविधा उपलब्ध गराउनका लागि आफू निर्वाचित भएदेखि लागिरहेको र अहिले काम पूरा हुन लागेको नगर प्रमुख बोहराले बताए ।

# कोइराला 'अन्तर्राष्ट्रिय मान्यता संस्कृतिविद्'बाट भारतमा सम्मानित




**काठमाडौं/मस–** भारतको नयाँ दिल्लीमा हालै आयोजना भएको एसिया ब्राण्ड अवार्डले एसियाका विभिन्न देशबाट उपस्थित विशिष्ट व्यक्तित्वहरूमाझ नेपालका आरसी कोइराला 'रामचन्द्र'लाई 'अन्तर्राष्ट्रिय मान्यता संस्कृतिविद्' को उपाधिबाट सम्मान गरेको छ। कार्यक्रममा एसियाका विभिन्न देशका ३० भन्दा बढी व्यक्तित्वहरू उक्त उपाधिबाट सम्मानित भएका थिए ।

३० वर्षभन्दा लामो समयदेखि नेपाली कला संस्कृतिको साथै विश्वका कला संस्कृतिको सम्वर्द्धन तथा प्रवर्द्धन गर्दै आएका कोइराला एभरेष्ट नेपाल कल्चरल ग्रुपका संस्थपक अध्यक्ष हुन् । उनी कला र संस्कृतिसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा पनि उच्च पदमा रही काम गर्दै आएका छन्। कोइरालाले विश्वको कला संस्कृतिको सम्बर्द्धन तथा प्रवर्द्धनमा पुऱ्याएको योगदानस्वरूप उक्त सम्मान प्रदान गरिएको हो ।

अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला नेपालमा भित्र्याउने श्रेय पनि कोइरालालाई छ । नेपालमा हरेक दुई वर्षमा अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलाको आयोजना गर्दै आएका कोइरालाले पाएको यस सम्मानले लोक संस्कृतिको प्रवर्द्धनको क्षेत्रमा उनले खेलेको भूमिकाको सम्मान भएको छ ।

म्मानित कोइराला भन्छन्, 'अवार्डले मलाई अझ जिम्मेवारी थपेको बोध गराएको छ ।' अन्तर ाष्ट्रिय मञ्चमा पटक पटक सम्मानित भएका कोइराला आफ्नै देश नेपालले भने आफूलाई नचिनेकोमा गुनासो पोख्छन्, 'यहाँ देशको झण्डा बोक्नेलाई कसैले चिन्दैन, सम्मान गर्दैन । नेपालमा सम्मान पाउन पार्टीको झण्डा बोक्नु पर्ने रहेछ ।'

# पश्चिम जाजरकोट विकास समाजको सातौं साधारण सभा सम्पन्न

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ असोज




पश्चिम जाजरकोट विकास समाज शिवालय गाउँपालिकाको सातौं साधारण सभा तथा सामाजिक लेखा परीक्षण सम्पन्न भएको छ । जिल्लाको शिवालय गाउँपालिका-३ मा संस्थाकी अध्यक्ष संगीता पुनको सभाध्यक्षता र शिवालय गाउँपालिकाका अध्यक्ष शेरबहादुर शाहीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् शिवालय गाउँपालिका अध्यक्ष शाहीले संस्थाको साधारण सभाको शुभकामना दिँदै आफू सरकारको प्रमुखका रूपमा भएको हुँदा स्थानीय संस्थालाई सहयोगका रूपमा अगाडि बढाउँदै लैजाने प्रतिबद्धता जनाए । यस्तै गाउँपालिकाका उपाध्यक्ष गिता शाहीले संस्थाले गरेको कामले पछिल्लो समय समुदायस्तरमा निकै रूपान्तरणमा सहयोग पुगेको बताइन्। उनले पालिकाबाट संस्थालाई गर्नुपर्ने सहयोग गर्न तयार रहेको जानकारी दिइन् ।

यस्तै गाउँपालिकाका पूर्वअध्यक्ष नरेन्द्रकुमार शाहीले संस्थाले स्थानीय सरकारले गरेका काम प्रभावकारी र पारदर्शी बनाउन सहयोग गरेको बताए। कार्यक्रममा सहभागी भएका संस्थाका सदस्यहरूले संस्थामा बसेपछि आफ्नो जीवनमा परिवर्तन आएको र आफूले विभिन्न ठाउँमा नेतृत्व गर्ने बोली तथा बानीको विकास भएको बताएका थिए ।

उनीहरूले संस्थाले सञ्चालन गरेका विभिन्न क्रियाकलापबाट धेरै कुराहरू सिक्ने अवसर मिलेको भन्दै संस्थालाई धन्यवाद दिएका थिए । कार्यक्रममा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बस्नेतले सामाजिक लेखा परीक्षण सुशासनको एक मेरुदण्ड भएको बताए । उनले यसको काम हाल पश्चिम जाजरकोट विकास समाजले गरेको हुँदा संस्थालाई धन्यवाद व्यक्त गरे ।

साधारण सभा तथा सामाजिक लेखा परीक्षण कार्यक्रममा शिवालय गाउँपालिका अध्यक्ष शेरबहादुर शाही, उपाध्यक्ष गिता शाही, निवर्तमान अध्यक्ष नरेन्द्र कुमार शाही, निवर्तमान उपाध्यक्ष कुमारी थापा, निमित्त प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बस्नेत, शिवालयमा सक्रिय रहेका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, शिवालय गाउँपालिकाका वडा अध्यक्षहरू, विभिन्न शाखाका शाखा प्रमुख, इलाका प्रहरी कार्यालय प्रमुख, विद्यालयका शिक्षकलगायत संस्थामा आवद्ध रहेका अन्य समूहका सदस्यहरू सहभागी थिए ।


**श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गएका कामदारलाई प्रदान गरिने आर्थिक सहायतासम्बन्धी व्यवस्था :**

**क) मृतक कामदारका परिवारले आर्थिक सहायता पाउने अवस्थाहरु :**
- वैदेशिक रोजगारमा गएको श्रमिकको श्रम अवधि तथा अवधि समाप्त भएको मितिले एक वर्षभित्रमा मृत्यु भएको हुनुपर्ने छ ।
- मृत्यु भएको मितिले एक वर्षभित्रमा वैदेशिक रोजगार बोर्ड वा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहमा निवेदन दिनुपर्ने छ ।

**प्राप्त गर्ने सहायता रकम :**
- नजिकको हकवालाको बैंक खातामा एकमुष्ट रु ७ लाख प्रदान गरिने ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**
- स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि
- विदेशस्थित रोजगारदाता कम्पनी, नियोग, अस्पतालको मृत्यु भएको प्रमाण र प्रज्ञानपत्र (विदेशमा मृत्यु भएको कामदारको हकमा)
- नेपाल फर्किएको टिक, पासपोर्टमा टाँसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिप (नेपालमा मृत्यु भएको कामदारको हकमा)
- मृतक कामदारको नागरिकता र राहदानीको प्रतिलिपि
- स्थानीय तहबाट हकवाला खुलेको फोटोसहितको किटानी सिफारिस - मृतक अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिसको प्रतिलिपि
- हकवालाको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि
- अन्य आवश्यक कागजातको प्रतिलिपि (मञ्जुरीनामा, सर्जमिन मुचुल्का आदि)

**ख) अंगभंग/गम्भीर बिरामी कामदारले आर्थिक सहायता पाउने अवस्थाहरु :**
- वैदेशिक रोजगारमा गएको श्रमिकको श्रम अवधि तथा अवधि समाप्त भएको मितिले एक वर्षभित्र कुनै कारणले विदेशमा अंगभंग वा गम्भीर बिरामी भएमा स्वदेश फिर्ता भएको एक वर्षभित्र र स्वदेशमा विदेशमा अंगभंग वा गम्भीर बिरामी भएमा सोको एक वर्षभित्र आफ्नो स्थायी ठेगाना भएको स्थानीय तह वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिनुपर्ने ।
- प्राप्त गर्ने सहायता रकम :
- निवेदकबाट पेश भएका अस्पतालको कागजातका आधारमा विशेषज्ञ समितिको निर्णयानुसार बढीमा ७ लाख रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउने ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**
- अंगभंग/उपचार गरेको प्रमाण कम्पनी वा दूतावास/अस्पतालको कागजातको प्रतिलिपि (विदेशमा अंगभंग/बिरामी भएको कामदारको हकमा)
- नेपाल फर्किएको टिकट, पासपोर्टमा टाँसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिपि
- कामदारको नागरिकता र राहदानीको प्रतिलिपि
- नेपालको सरकारी अस्पताल वा मान्यताप्राप्त अस्पतालमा उपचार गराएको प्रमाण पत्रको प्रतिलिपि
- कामदारको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि
- अचेत अवस्थामा रहेको कामदारको हकमा निवेदकको नागरिकता र कामदारसँगको नाता प्रमाण पत्रको प्रतिलिपि

***थप जानकारीका लागि वैदेशिक रोजगार बोर्डको सम्पर्क विवरण :***

**सम्पर्क टेलिफोन नम्बर** : ०१-५३२०३११, ०१-५३२०४३३, ०१-५३२०५४३,
**पैसा नलाग्ने कल सेन्टरको फोन नम्बर** : ११४१
इमेल : info@feb.gov.np, welfare@feb.gov.np
वेबसाइट : https://www.feb.gov.np/



**मरिण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कपिलाकोट, सिन्धुली**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८०/०६/३०)**

वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिलको ठेक्काको लागि म्याद भित्र E–Bid मार्फत् दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका र प्राविधिक मूल्यांकनमा सफल बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र सम्बन्धी सूचना प्रकाशन मिति | बोलपत्र सम्बन्धी सूचना प्रकाशित पत्रिका | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|---|---|
| २०८०/०५/०८ | आर्थिक राष्ट्रिय दैनिक | MRM/Sindhuli/Works/NCB/01/2080-081 | Upgrading of Suke Churi-Barun Road | श्री एस.जी. कन्स्ट्रक्सन प्रा.लि., दुधौली-०१, सिन्धुली | १,०५,४६,०१५।५६ |

**प्रमुख प्रशासकीय अधिकृत**



**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सुचना प्रकाशित मितिः २०८०/०६/३० गते

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व. २०७९/०८० वार्षिक बजेट अनुसार मिति २०८०/०१/३० गतेको राष्ट्रिय दैनिक पत्रिका र PPMO e–GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसीलः

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/BRMO/NCB/SCH/W-18/2079-80 | Structure work (Gabion, Drain and Mesonry Wall) for chunwang 5 bed hospital | Shree Thapa-Nahukuli-Tarun JV, Bheri Municipality -4, Jajarkot | रु. १,४२,४८,०३६.३५।- (एक करोड बयालीस लाख अर चालीस हजार छत्तीस रुपैयां पैतीस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० असोज २०८०, मंगलबार
17 October 2023, Tuesday

## सम्पादकीय

# खुसी दिनेहरूका बारेमा

नेपालीहरूमा लगभग साझा बनिसकेको दशैं मनाउन आफन्तहरूबीच भेटघाटको बातावरण बाक्लिदै गएको छ । रोजगार वा अध्ययनका क्रममा आफन्तहरू भन्दा टाढा बस्दै आएकाहरू घर फर्कने क्रम बढ्दो छ । बदलिदो बसोबासका कारणले कतिपय भने गाउँमा भए शहर आउने र स्वदेश भए आफन्त रहने विदेशको शहर पुग्ने प्रवृत्ति पनि देखिन थालेको छ । तर आमरूपमा भने शहरमा रहेका वा विदेशमा भएकाहरू घर फर्कदैछन् । दशैं लगत्तै तिहार, छठ लगायत चाँडहरू एकपछि अर्कोगरी आउने भएकाले अबको मौसमलाई पारिवारिक समय पनि भन्न सकिन्छ । यस्तो बेला विदेशमा कमाउन गएकाहरूले पैसा पठाउने भएकाले रेमिट्यान्सको 'स्वर्ण' समय पनि भन्न सकिन्छ । अझ रेमिट्यान्सको ७० प्रतिशत बढी रकम उपभोगमा खर्च हुने गरेको अध्ययनले यस्तो दाबीलाई बल पुग्छ ।

विदेश वा घर भन्दा बाहिर जानुपर्ने परिस्थितिका कारणले दशै लगायत चाडबाँडले पूर्ण पारिवारिक बातावरण बन्न नसक्नुको एक दुखद् पक्ष समेत उजागर गर्छ । तर विशेषगरी वैदेशिक रोजगारीमा जानेहरूबाटै स्वदेशमा चैन र सुखको स्वास फेरिरहेको तथ्य पनि बिर्सन मिल्दैन । नेपाल राष्ट्र बैंकका अनुसार, मुलुकको कुल ग्राहस्थ उत्पादनमा २३ प्रतिशत बढी रेमिट्यान्सको योगदान छ । वर्षेनि ८ लाख बढी युवा रोजगारीका निम्ति विदेशिने गरेको तथ्याङ्क सरकारी निकायहरूले दिने गरेका छन् । जनगणना-२०७८ ले औपचारिक रूपमा २१ लाख युवा विदेशमा रहेको प्रतिवेदन तयार पारेको छ । छिमेक भारत र अनौपचारिक रूपमा तथा छोटो अवधिमा विदेश जानेहरूको संख्या अझ यो भन्दा धेरै छ ।

तर दशैं, तिहार लगायत चाडहरूमा परदेशिनेको अनुपस्थितिले जस्तो खल्लो अनुभूति भइरहेको छ र मुलुकका निम्ति युवालाई विदेश पठाउनुपर्ने जुन परिस्थिति छ, सँगै उनीहरूको योगदानबाट मुलुक चलिरहेको बिर्सन मिल्दैन । उनीहरूकै कारण दशैंले पनि दशैंजस्तै खुसी दिलाउन संभव तुल्याइरहेको पनि हेक्का राख्नुपर्छ । यसरी आमनागरिकमा खुसीको अंश बनिरहेका युवाहरूले विदेशमा पैसा मात्रै कमाइरहेका छैनन्, उनीहरूले त्यहाँ नयाँ सीप सिक्दैछन् । फरक सामाजिक परिस्थितिमा अनुकुलन पनि बनाइरहेका छन् । तसर्थ हाम्रो हरेक क्षेत्रको विकासमा योगदान पुऱ्याइरहेका रेमिट्यान्स र विदेश भूमिमा पसिना बगाइरहेका युवाहरूबारे राज्यले गम्भीर बनेर सोच्न आवश्यक छ । पक्कैपनि विश्वबजारमा नेपाली युवाहरूको पहुँज बिस्तार हुनु सकारात्मक परिणाम पनि हुन् । तर विश्वबजारसँग हामी सधैं मजदुरका रूपमा मात्रै रहिरहने परिस्थिति बन्नु चाहिँ नकारात्मक र दुखद् हुनेछ । त्यसैले मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत क्षेत्रमा ठूलो योगदान र खुसी दिइहेका युवाहरूलाई मुलुकमै संभावना देख्ने बनाउन सक्नु नेतृत्वको दायित्व हो ।

# राष्ट्रिय योग्यता प्रारूपको औचित्य

अग्रलेख



● बाबुकाजी कार्की

विश्वमा राष्ट्रिय योग्यता प्रारूपको सुरुवात सन् १९७०मा दक्षिण अफ्रिकाका काला जातिका श्रमिकहरूले जीविका चल्ने न्यूनतम ज्यालाको माग गरेर आन्दोलन चलाएपछि भएको हो । त्यसबखत श्रमिकहरूले न्यूनतम ज्याला पाउनुको कारण आवश्यक सीपको अभाव भएको भन्ने निष्कर्ष निकालिएको थियो । यसैका आधारमा दक्षिण अफ्रिकामा साउथ अफ्रिकन क्वालिफिकेसन अथिरिटिको स्थापना गरेर श्रमिकलाई आवश्यक ज्ञान र सीपको तालिम दिने व्यवस्था गरियो । भारतमा नेशनल स्कील्ड डेभलपमेन्ट, इन्डोनेसियामा नेशनल क्वालिफिकेसन बोर्ड, कम्बोडियामा कम्बोडियन क्वालिफिकेसन अथोरिटी, अष्ट्रेलियामा अष्ट्रेलियन क्वालिफिकेसन फ्रेमवर्क जस्ता योग्यता निर्धारणका ढाँचामार्फत वर्षौं अगाडिदेखि राष्ट्रिय योग्यता निर्धारण गर्दै आएको पाइन्छ ।


राष्ट्रिय योग्यता प्रारूपको प्रमुख उद्देश्यमा अनौपचारिक तथा वैकल्पिकरूपमा हासिल गरेका ज्ञान, सीप तथा दक्षता परीक्षण र प्रमाणिकरण गरी समकक्षता प्रदान गर्नु, सिकारुको रुचिअनुसार अनौपचारिक वा औपचारिक माध्यमबाट थप शिक्षा आर्जन गर्न प्रोत्साहित गर्नु, समाज र समयको माग तथा व्यक्तिको क्षमताअनुसार सक्षमता हासिल गर्ने अवसर प्रदान गर्नु, समग्रमा देश विकासमा आवश्यक पर्ने दक्ष एवम् प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्दै बेरोजगारी समस्यालाई न्यूनीकरण गर्नु आदि पर्दछन् ।

